नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

# रोजगार कार्यक्रम व्यवस्थापन शाखा

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- रो.का.व्य.शा.//२७५३

मिति :- वि.सं. २०८३/०३/०४

ने.स. :- ११४६ तछलाथ्व,४ बिहिवार

विषयः अनलाइन छलफल कार्यक्रममा सहभागिता सम्बन्धमा।

श्री रोजगार संयोजकज्यूहरू,
सबै रोजगार सेवा केन्द्रहरू (७५३ वटै स्थानीय तह)।

नेपाल सरकारको शासकीय सुधारको १०० बुँदे कार्ययोजना अन्तर्गत बुँदा नं. ५९ को कार्यान्वयन गर्ने सिलसिलामा यस मन्त्रालयबाट "रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३" जारी भई कार्यान्वयनको चरणमा रहेको व्यहोरा विदितै छ।

उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयनको अवस्था, हालसम्म भए गरेका कार्यप्रगति र कार्यान्वयनका क्रममा देखा परेका व्यावहारिक व्यवधान तथा चुनौतीहरूका सम्बन्धमा छलफल गर्न मिति २०८३/०३/०५ गते बिहान ११:०० बजेदेखि १२:०० बजेसम्म भर्चुअल (अनलाइन) माध्यमबाट आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा यहाँको अनिवार्य सहभागिताका लागि आदेशानुसार अनुरोध छ।

**नोटः**

- कार्यक्रममा जोडिनका लागि आवश्यक पर्ने Microsoft Teams को ID र Password रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा अद्यावधिक रहेको रोजगार संयोजकको इमेल ठेगानामार्फत यसै पत्र साथ उपलब्ध गराइएको छ।

- कार्यक्रममा जोडिनको लागि Login गर्दा युजरनेम (Username) मा आफू कार्यरत स्थानीय तहको नाम अनिवार्य रूपमा उल्लेख गर्नुहुन अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Kushal Baral
baralap234@gmail.com

(कुशल बराल)
शाखा अधिकृत

फोन नं. ०१-४२११९६३, फ्याक्स नं. ०१-४२११८७७, वेबसाईटः- moless.gov.np, ईमेलः- admin@moless.gov.np